पर्यटकिय नगरी
TOURISTIC MUNICIPALITY

# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
### कृषि सेवा शाखा
### AGRICULTURE SERVICE SECTION

फिक्कल, इलाम कोशी प्रदेश, नेपाल ।
Fikkal, Ilam,Koshi Province, Nepal

प.सं:- २०८१/०८२
चनं.:

प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!

**दोश्रो पटक प्रकाशित मिति:२०८१/०९/२५**

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि सेवा शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत पुष्प खेती प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत (५०%) अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक पुष्प खेती उद्देश्य राखी गठित कृषक समूह/ पुष्प फार्महरूले तपसिल बमोजिमका कागजातहरू सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८१/१०/०३) भित्र यस शाखामा प्रस्ताव पेस गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू दर्ता गरिने छैन । थप जानकारीको लागि यस शाखाको फोन नं.०२७-५४०४४८ मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>-

❖ प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरू:

- रु.१० को टिकट टाँस भएको तोकिएको ढाँचामा निवेदन ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- आ.व. २०८१/८२ को दर्ता नवीकरण, लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- समूहको हकमा विधानको प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बरको प्रतिलिपि ।
- सामूहिक निर्णयको प्रतिलिपि ।
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हक भोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
- व्यावसायिक कार्य योजना । (ढाँचा सम्बन्धित वडा कार्यालय वाट लिन सकिने छ )
- आ.व. २०८१/८२ को तिरो तिरेको रसिदको प्रतिलिपि ।
- विगत ३ आर्थिक वर्षमा कुनै पनी सरकारी तह वा अन्य निकायबाट सोही उद्देश्यको कार्यक्रमको लागि अनुदान नलिएको स्व-घोषणा पत्र ।

प्रज्ञा पोखेल
कृषि अधिकृत (छैठौं)